# प्रेस विज्ञप्ती

मिति २०८० कार्तिक १४ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर र नेपाल चार्टर्ड एकाउण्टेण्ड संस्था (ICAN), सातदोबाटो वीच **"पारस्परिक सहयोग तथा सूचना आदान प्रदान सम्बन्धी आपसी समझदारी पत्र (Memorandum of understanding-MOU)"** मा कार्यालयका रजिष्ट्रार महेश बराल र ICAN का अध्यक्ष सि.ए.सुजन कुमार काफ्ले वीच संयुक्त रुपमा हस्ताक्षर सम्पन्न भयो ।

ICAN र कार्यालय वीच भएको यस समझदारी पत्रको मुलभुत उद्देश्य लेखा, लेखाव्यवस्थापन, वित्तीय व्यवस्थापन, कम्पनी प्रशासन तथा समग्र अर्थव्यवस्थासँग सम्बन्धित विषयहरुमा एक आपसमा सहकार्य, प्राविधिक सहयोग तथा सूचना आदान प्रदान गर्ने रहेको छ।

ICAN ले इजाजत प्राप्त लेखा व्यवसायीहरुले तयार गर्ने अडिट रिर्पोट तथा अन्य आर्थिक विवरणहरुमा हस्ताक्षर गर्दा (Unique Document Identification Number-UDIN) अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको र उक्त व्यवस्थाको कार्यान्वयनको लागि यस कार्यालयलाई समेत अनुरोध गरिसकेको सन्दर्भमा यस कार्यालयमा दर्ता भएका कम्पनीहरुले पेश गर्ने लेखापरीक्षण प्रतिवेदनमा समेत UDIN अनिवार्य गर्दा उक्त कार्यमा हुन सक्ने अनियमितता तथा कानून विपरितका अवान्छित क्रियाकलाप नियन्त्रण हुन गई संस्थागत सुशासन कायम गर्न सहज हुने हुँदा उक्त व्यवस्थाको कार्यान्वयनको लागि ICAN सँग MOU गरी दुवै निकायको सफ्टवेयरमा API Integration को प्रकृयालाई अगाडी वढाइएको हो ।

हस्ताक्षरकर्ताहरुबाट उक्त MOU कार्यन्वयन मार्फत कम्पनीहरुको वित्तिय कारोवारमा विश्वसनियता र पारदर्शिता प्रवर्द्धन हुनुका साथै स्वीकृत लेखामानको प्रभावकारी पालनामा सहयोग पुग्ने, सम्पत्ती शुद्धिकरण निवारण तथा Doing Business को वातावरणमा सुधार हुने र यी दुवै नियमनकारी निकाय वीचको समन्वय, आपसी सहकार्य र ज्ञान आदान प्रदानको माध्यमबाट कम्पनी प्रशासनको काम अझ प्रभावकारी हुने विचार व्यक्त भयो ।

साथै मिति २०८०/०८/१५ गते कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर र उद्योग बिभाग, त्रिपुरेश्वर बीच दुबै निकायले संचालनमा ल्याएको सफ्टवेयर Company Administration Management Information System (CAMIS) र Industry Management Information System (IMIS) बीच Application Programming Interface, API मार्फत अन्तरआबद्धता गर्दै स्वचालित रुपमा बिबरण आदान प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ।

दुबै निकायबीच बिबरण आदान प्रदान गर्ने उक्त समझदारीपत्र कार्यन्वन मार्फत एउटा निकायमा पेश गरेको बिबरणहरु अर्को निकायले समेत सम्बन्धित कागजातहरुको आधिकारिकता जांच गरी प्रयोग गर्न सक्ने अवसरको सिर्जना हुनेछ। यस प्रणालीबाट कम्पनी प्रशासन र उद्योग प्रशासनमा सहजता हुनेछ। उक्त समझदारीपत्र कार्यन्वयन गर्ने क्रममा आइपर्नसक्ने प्रशासनिक तथा प्राविधिक जटिलताहरुको संयुक्त रुपमा सम्बोधन गर्न दुवै निकायका अधिकारीहरुको संलग्नता रहने गरी संयुक्त प्राविधिक एवं समन्वय समिति रहने व्यवस्था गरिएकोले निकायगत प्रशासनिक तथा प्राविधिक जटिलताहरुको समेत समयमै समाधान भै सेवा प्रवाहमा प्रभावकारीता हासिल हुने विश्वास लिइएको छ।

घनश्याम न्यौपाने
सुचना अधिकारी

मिति २०८०/०७/१९